मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ ११ गते आइतबार ❑ 25 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## गण्डकी प्रदेशमा हुने राष्ट्रियसभा सदस्य निर्वाचनको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, १० माघ

राष्ट्रियसभा सदस्य निर्वाचन-२०८२ अन्तर्गत आइतबार गण्डकी प्रदेशमा हुने निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ।

पोखरा महानगरपालिका-७ रत्नचोकस्थित प्रदेश निर्वाचन कार्यालय परिसरमा तोकिएको मतदानस्थलमा बिहान ९:०० देखि अपराह्न ३:०० बजेसम्म मतदान हुनेछ। प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्र न्यौपानेले निर्वाचनको तयारीका सम्पूर्ण काम सकिएको बताउनुभयो। "निर्वाचनका लागि कर्मचारी खटिइसकेका छन् भने मतदान केन्द्र निर्माण गरिएको छ। मतपत्रसमेत आइसकेको छ। सुरक्षाको सबै व्यवस्थापनलगायत सबै काम सम्पन्न भएको छ", उहाँले भन्नुभयो।

राष्ट्रियसभा सदस्य निर्वाचनका लागि प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख तथा उपप्रमुख एवं अध्यक्ष र उपाध्यक्ष मतदाता हुने कानुनी व्यवस्था छ। गण्डकी प्रदेशमा प्रदेशसभाका ५९ र स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्ष १६९ गरी जम्मा २२९ जना मतदाता रहेका छन्। प्रदेशसभा सदस्यको ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको १९ मतभारअनुसार गण्डकीमा कुल मतभार छ हजार ३५७ छ।

प्रदेशसभा सदस्य र स्थानीय तहको गरी छुट्टाछुट्टै दुई मतदान केन्द्र तोकिएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ।

गण्डकी प्रदेशमा राष्ट्रियसभाका दुई सिटका लागि चार राजनीतिक दलका छ जना उम्मेदवार मैदानमा छन्। निर्वाचनमा नेपाली कांग्रेस र नेकपा (एमाले)ले संयुक्त उम्मेदवार उठाएका छन्।

महिला समूहमा नेकपा (एमाले)बाट सम्झना देवकोटा, नेपाली कम्युनिष्ट पार्टीबाट गोमा घिमिरे र राष्ट्रिय जनमोर्चाबाट लक्ष्मी बास्कोटाले उम्मेदवारी दर्ता गराउनुभएको छ। यसैगरी अन्य समूहमा नेपाली कांग्रेसबाट जगत तिमिल्सना, नेपाली कम्युनिष्ट पार्टीबाट कपिल लामा र राष्ट्रिय जनमोर्चाबाट शङ्कर बराल उम्मेदवार हुनुहुन्छ।

## हामी देश बनाउने अभियानमा छौँ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १० माघ

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमार्फत आफूहरू देश बनाउने अभियानमा लागेको बताउनुभएको छ।

ललितपुरको च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा उहाँले देश बनाउनेका पक्षमा उभिन सबैलाई अपिल गर्नुभयो। पूर्वप्रधानमन्त्री ओलीले आफूलाई झापाबाट काठमाडौँ फर्कने क्रममा शुक्रबार भद्रपुर विमानस्थलमा माथिको आदेश भन्दै सुरक्षाकर्मीबाट अपमानजनक व्यवहार भएको गुनासो पनि गर्नुभयो। "मलाई झापाबाट फर्कंदा अपमानजनक व्यवहार गरियो।

विदेशतिर पनि चिनेको अवस्थामा सम्मानजनक व्यवहार गर्छन्, तर यो सरकारले हामीलाई आफ्नै ठाउँमा दुःख दिने काम गरिरहेको छ",उहाँले भन्नुभयो, "यस्तै हो भने हामी निर्वाचनमा जाने कि आन्दोलनमा जाने अझै भन्न सकिने अवस्था छैन।" कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य एवं धितोपत्र व्यवसायी दिपेन्द्र अग्रवाललगायतलाई पार्टी प्रवेश गराइएको थियो।

## पार्टीका नेता कार्यकर्तालाई निर्वाचन क्षेत्रमा खटिन सभापति थापाको आग्रह

**रासस**
काठमाडौं, १० माघ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीका नेता तथा कार्यकर्तालाई निर्वाचन क्षेत्रमा खटिन आग्रह गर्नुभएको छ।

सर्लाही क्षेत्र नं ४ का मतदातासँग शनिबार यहाँ भएको अन्तर्क्रियामा उहाँले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि खट्न पार्टीका नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभएको हो।

सभापति थापाले मधेसको मुद्दालाई संसद्मा फरक ढङ्गले उठान गर्न आफूले सर्लाहीबाट उम्मेदवार बनेको बताउनुभयो। उहाँले त्यहाँबाट प्रतिनिधित्व गर्दा अब मधेस र सर्लाहीका मुद्दा सङ्घीय संसद् र सिंहदरबारमा नयाँ तरिकाले उठाउने प्रतिबद्धतासमेत जनाउनुभयो।

सभापति थापाले आगामी पाँच वर्ष मधेसका मुद्दा संसद्मा उठ्ने तरिका र निर्णय प्रक्रिया अघिल्ला वर्षभन्दा भिन्न हुने भन्दै सर्लाही-४ का मतदातालाई पछुतो हुने अवस्था आउन नदिने धारणा राख्नुभये। उहाँले आफ्नो उम्मेदवार बलियो छ भनेर अरूलाई कमजोर आँकलन नगर्न सबैलाई सचेत गराउनुभयो।

सभापति थापाले आफूले जोखिमका साथ नयाँ क्षेत्र रोजेकाले चुनाव जित्न सबैको मेहनत आवश्यक रहेको उल्लेख गर्दै मतदाता र कार्यकर्तालाई विश्वास, माया र भरोसाका साथ अभियानमा लाग्न आग्रह गर्नुभयो। "पार्टीभित्र सजिलो बाटो छोडेर अफ्ठ्यारो बाटो रोजेर आएको छु। मलाईसमेत पार्टीबाट पाँच वर्षका लागि निष्काशन गरियो तर विशेष महाधिवेशनमा पार्टी कार्यकर्ताले दिएको साथले नै पार्टीभित्रै रहन सफल भएको हो", उहाँले भन्नुभयो,"निर्वाचनका हकमा पनि जोखिम उठाएको छु। काठमाडौँको क्षेत्र नं ४ को सहजता छोडेर मधेस आएको छु, यो जोखिम पनि सबैको साथले पूरा हुनेछ भन्ने विश्वास छ।" सभापति थापाले काठमाडौँ क्षेत्र नं ४ बाट तीन पटक निर्वाचित गराउने मतदाताप्रति आफू ऋणी रहेको र यहाँको सेवामा पनि सधैँ समर्पित रहने बताउनुभयो।

## उपभोगमुखी अर्थतन्त्रलाई निरुत्साहन गर्नुपर्नेमा अर्थमन्त्रीको जोड

**रासस**
काठमाडौं, १० माघ

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले देशका बैंक तथा वित्तीय संस्थामा अध्ययन-अनुसन्धानको संस्कृति कमजोर रहेकाले लगानीको सही क्षेत्र पहिचान हुन नसकेको बताउनुभएको छ।

राष्ट्रिय वाणिज्य बैंकको ६१औँ वार्षिकोत्सवका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा उहाँले वित्तीय सेवा प्रदायक संस्थाले अध्ययन-अनुसन्धान नगर्दा देशमा तरलता थुप्रिने, बेरोजगारी बढ्ने र उपभोगमुखी अर्थतन्त्र विस्तार भएको बताउनुभयो।

देशमा भित्रिने विप्रेषणको ठूलो भाग उत्पादनशील क्षेत्रमा परिचालन नभएकामा चिन्ता व्यक्त गर्दै अर्थमन्त्री खनालले कुन क्षेत्रमा नयाँ लगानीका अवसर सिर्जना गर्न सकिन्छ, अर्थतन्त्रको आकार विस्तार गर्न सकिन्छ, रोजगारी सिर्जना गर्न सकिन्छ र उत्पादन बढाउन सकिन्छ भन्ने विषयमा बैंक तथा वित्तीय संस्थाहरूले गम्भीर अध्ययन-अनुसन्धान गर्ने परम्परा विकास गर्नुपर्नेमा जोड दिनुभयो।

"हाम्रा बैंक तथा वित्तीय संस्थाले आफैँ अध्ययन गरेर कुन क्षेत्रमा लगानी गर्दा उच्च प्रतिफल प्राप्त हुन्छ, स्वदेशमै रोजगारी तथा उत्पादन बढ्छ भन्ने निर्णय गर्नेभन्दा पनि व्यवसायीले ल्याएका प्रस्तावका आधारमा मात्र लगानी गर्ने गरेका छन्", अर्थमन्त्री भन्नुभयो। उहाँले सरकारको पूर्ण स्वामित्वमा रहेको राष्ट्रिय वाणिज्य बैंकलाई यस्तो अध्ययन तथा अनुसन्धानको नेतृत्व गर्न सुझाव दिनुभयो।

अर्थमन्त्री खनालले मुलुकमा भित्रिने विप्रेषण ठूलो हिस्सा उपभोगमा खर्च भइरहेको उल्लेख गर्दै त्यसले दीर्घकालीन आर्थिक रूपान्तरणमा योगदान दिन नसकेको बताउनुभयो।

सरकारी स्वामित्वको बैंक भएका कारण विप्रेषण रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गराउने जिम्मेवारी राष्ट्रिय वाणिज्य बैंकको भएको उल्लेख गर्दै उहाँले त्यसो हुनसके देश आर्थिक समृद्धिको बाटोमा अग्रसर हुने बताउनुभयो।

उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्नसके तरलताको प्रभावकारी उपयोग हुने, आन्तरिक उत्पादन बढ्ने र आयात घट्ने बताउँदै उहाँले बैंक तथा वित्तीय संस्थाले उत्पादनमुखी लगानीलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो। बैंक तथा वित्तीय क्षेत्रमा समष्टिगत रूपमा केही समस्या देखिए पनि समग्र वित्तीय प्रणाली कमजोर नरहेको उहाँले स्पष्ट गर्नुभयो।

फरक प्रसङ्गमा अर्थमन्त्री खनालले वर्तमान सरकारको प्रमुख दायित्व आगामी निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु हो भन्दै समाजका हरेक वर्गले त्यस निम्ति सहयोग गर्नुपर्ने बताउनुभयो।

## मध्यपहाडको साइकलयात्रामा क्यान्सर विजेतासहितको टोली

**रासस**
गण्डकी, १० माघ

"क्यान्सरलाई जितेपछिको खुसी र सन्तुष्टि अरूलाई बाँड्न चाहन्छु", हाल मध्यपहाडको साइकल यात्रामा रहेकी कविता चित्रकारले भन्नुभयो, "क्यान्सरसँग जुध्न हिम्मत बटुलेँ, चुनौती र सङ्घर्षलाई रोजेँ।"



साइकलबाट मध्यपहाडी लोकमार्ग छिचोल्दै गर्नुभएकी उहाँ आज सुदूरपश्चिम प्रदेशको अछाम पुग्नुभएको छ। साइकलयात्रामा उहाँ एक्ली भने हुनुहुन्न। अर्का क्यान्सर विजेता हर्क लामासहित साइकलयात्रीको टोली मध्यपहाडको लामो यात्रामा निस्केको हो।

गत पुस १७ गते पाँचथरको चिवाभञ्ज्याङबाट सुरु भएको साइकलयात्रीको टोली गण्डकी प्रदेशको कास्की, पर्वत, बागलुङ हुँदै केही दिनअघि लुम्बिनी प्रदेश प्रवेश गरेको थियो। क्यान्सर सचेतनाका लागि मध्यपहाडको करिब एक हजार ८०० किलोमिटर लामो साइकलयात्रा तय गरिएको चित्रकारले बताउनुभयो। "ठाउँठाउँमा क्यान्सरसम्बन्धीसचेतनाअभिवृद्धिका कार्यक्रम पनि सञ्चालन गरिरहेका छौँ। क्यान्सर रोगबाट प्रभावितलाई प्रेरणा र हौसला दिनु पनि हाम्रो यात्राको अर्को उद्देश्य हो", उहाँले भन्नुभयो। काठमाडौँ निवासी चित्रकारलाई चार वर्षअघि स्तन क्यान्सर भएको थियो। तेस्रो चरणमा पुगेको अवस्थामा क्यान्सर पत्ता लागे पनि नियमित उपचारपछि उहाँले क्यान्सरलाई जित्नुभयो। नेपालमै गरिएको उपचारले आफू निको भएको चित्रकारले सुनाउनुभयो। "अहिले पनि क्यान्सरको नियमित जाँच र परीक्षण गराइरहनुपर्छ", उहाँले भन्नुभयो, "क्यान्सर लाग्दैमा नआत्तिन सबैलाई आग्रह गर्छु। जस्तोसुकै कठिन परिस्थितिमा पनि आशावादी भएर बाँच्नुपर्छ भन्ने सन्देश दिन यो यात्रामा हिँडेकी छु।" सिन्धुपाल्चोकका हर्क लामालाई पनि केही वर्षअघि पिसाब थैलीको क्यान्सर भएको थियो। क्यान्सर विजेता उहाँ हाल क्यान्सर सचेतनासँगै क्यान्सरका बिरामीको उपचार र हेरचाहमा तल्लीन हुनुहुन्छ। क्यान्सर प्रभावितले अस्पतालमा भोगिरहेका समस्या देखेपछि उपचार कोष बनाउने योजनाअनुसार मध्यपहाडी लोकमार्गको साइकलयात्रामा निस्किएको उहाँले बताउनुभयो।

"समाजमा क्यान्सरलाई जुन खालको भय र त्रासको दृष्टिले हेरिन्छ, त्यसलाई चिर्न पनि यो साइकलयात्राले मद्दत पुऱ्याउँछ", लामाले भन्नुभयो, "समयमा निदान र उपचार हुन सकेमा क्यान्सर निको हुन्छ र क्यान्सर विजेताले पनि अरू सरह जीवन बाँच्न सक्छन् भन्ने सन्देश प्रवाह हुनेछ।" साइकलयात्रामा साइक्लिङ खेलाडी उषा खनाल, धुलिखेल अस्पतालका डा विकास पराजुलीलगायत सहभागी छन्। साइकल कल्चर कम्युनिटी र धुलिखेल अस्पतालको सहकार्यमा साइकलयात्रा तय गरिएको धुलिखेल अस्पतालका स्त्री तथा प्रसूति रोग विशेषज्ञ प्राडा सुमन ताम्राकारले बताउनुभयो।

आज अछाम हुँदै डोटी पुग्ने योजना रहेको उहाँले सुनाउनुभयो। २८ दिनको साइकलयात्राले २४ दिन पार गरिसकेको र बैतडीको झुलाघाट पुगेर यात्रा टुङ्गिने प्राडा ताम्राकारले बताउनुभयो। "यस बीचमा ११ जिल्लाका १३ स्थानमा क्यान्सर सेचतनाका कार्यक्रम गरेका छौँ, करिब एक हजार ७०० नागरिक यसबाट लाभान्वित हुनुभएको छ", उहाँले भन्नुभयो, "सम्बन्धित जिल्लाका स्थानीय तह, स्वास्थ्य संस्था, सामाजिक सङ्घसंस्थासँग समन्वय गरिरहेका छौँ।" साइकलयात्राका क्रममा पाठेघर मुखको क्यान्सर, स्तन क्यान्सरलगायत विषयमा सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिएको हो। यात्राका माध्यमबाट धुलिखेल अस्पतालमा क्यान्सर उपचार कोष स्थापना गरिने र सङ्कलन भएको रकममा अस्पतालले थप ५० प्रतिशत रकम उपलब्ध गराउने प्राडा ताम्राकारले बताउनुभयो। उहाँका अनुसार क्राउड फन्डिङ 'गो फन्ड मी'मार्फत कोषका लागि सहयोग सङ्कलन भइरहेकामा हालसम्म रु ३० लाखभन्दा बढी सङ्कलन भइसकेको छ। धुलिखेल अस्पतालमा क्यान्सरको उपचारका लागि आउने विपन्न परिवारका सदस्यलाई कोषबाट सहयोग प्रदान हुने प्राडा ताम्राकारले बताउनुभयो। साइकलयात्राका क्रममा सङ्कलन भएको रकम आगामी फेब्रुअरी ४ मा हुने विश्व क्यान्सर दिवसका दिन अस्पताललाई हस्तान्तरण गर्ने योजना रहेको जनाइएको छ। नेपालको पूर्व-पश्चिम जोड्ने मध्यपहाडी लोकमार्गको साइकलयात्रालाई जोडेर क्यान्सर विजेताको जीवन-कथालाई वृत्तचित्रमा पनि उतारिने प्राडा ताम्राकारले जानकारी दिनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# टाइगर कप भलिवलको पर्वत भलिबल संघ, गण्डकी महिला तर्फ पुलिस र एपिएफको जित

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

पोखरामा जारी छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लव च्याम्पियनसिप भलिवल प्रतियोगिता अन्र्तगत शनिबार भएको खेलमा पर्वत भलिबल संघ, गण्डकी र महिला तर्फ दुई विभागिय टोली नेपाल पुलिस र एपिएफ क्लवले जित हासिल गरेका छन् ।




पुरुषतर्फ शनिबार भएको खेलमा पर्वत भलिवल संघले नेपाल पुलिस क्लबमाथि ३-२ को सेटमा पराजित गर्‍यो । पहिलो सेट २५-२२ र दोस्रो सेट ३१-२९ ले आफ्नो पक्षमा पारेको पर्वतले त्यसपछि दुई सेट गुमाउँदा खेल पाँचौं सेटमा पुगेको थियो । पुलिसले तेस्रो सेट २५-२१ र चौथो सेट २५-१८ ले पुनरागमन जित निकाल्दा खेल पाँचौ सेटमा पुगेको थियो । निर्णायक सेटमा १५-१३ ले आफ्नो पक्षमा पर्दै पर्वतले रोमाञ्चक जित निकाल्यो ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा पोखरा रंगशालास्थित भलिबल कोर्टमा जारी च्याम्पियनसिप अन्तर्गत शनिबार भएको पुरुष तर्फको अर्को खेलमा गण्डकी प्रदेश भलिवल संघले पाहुना टोली माल्दिभ्स भलिबल एसोसिएनलाई ३-० को सोझो सेटमा पराजित गर्‍यो । गण्डकीले पहिलो सेट २५-१३, दोस्रो सेट २५-१४ र तेस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पारेको हो । गण्डकीले पहिलो जित निकाल्दा माल्दिभ्सले दोस्रो हार बेहोर्न पुग्यो । त्यसै गरी शनिबार बिहान भएको महिलातर्फ नेपाल पुलिस क्लबले त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गर्‍यो । पहिलो सेट २५-१६ ले जित निकालेको आर्मी त्यसपछिका सेटमा सम्हालिन नसक्दा दोस्रो हार बेहोर्नुपर्‍यो । पुलिसले दोस्रो सेट २५-१७, तेस्रो सेट २५-२२ र चौथो सेट २५-१३ ले आफ्नो पक्षमा पार्न सफल भयो । महिलातर्फकै अर्को खेलमा एपीएफले थाइल्यान्ड क्विन्स माथि ३-२ सेटको रोमाञ्चक जित हात पार्न सफल भयो । पहिलो सेट २५-२३ र दोस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पारेको एपीएफले तेस्रो र चौथो सेट थाइल्यान्डलाई सुम्पियो । थाइल्यान्डले तेस्रो सेट २५-२२ र चौथो सेट २५-२३ को रोमाञ्चक जित निकाल्दा खेल पाँचौं सेटमा पुगेको थियो । पाँचौं सेटमा सुरुआतबाटै अग्रता लिँदै एपीएफले १५-१३ को रोमाञ्चक जित निकाल्न सफल भयो । च्याम्पियनसिपअन्तर्गत भोलि आइतबार ४ खेल हुनेछन् । पहिलो खेल महिलातर्फ एपीएफ र न्यू डायमण्डबिच हुनेछ । उक्त खेल बिहान साढे ८ बजेबाट सुरु हुनेछ । त्यसपछि महिलातर्फ नै पुलिस र थाइल्यान्ड क्विन्स भिड्नेछन् । त्यसपछि पुरुषतर्फका खेल हुनेछन् । पुरुषतर्फको पहिलो खेलमा एपीएफ र पर्वत भलिबल संघ भिड्नेछन् । दोस्रो खेलमा पुलिस र आर्मी खेल्ने प्रतियोगिताका संयोजक कुमार गुरुङले बताउनु भयो । माघ १७ गतेसम्म चल्ने च्याम्पियनसिपमा पुरुषतर्फ ६ र महिलातर्फ ५ टोली सहभागी भएको आयोजक संस्थाका अध्यक्ष नारायणप्रसाद शर्माले बताउनु भयो । सिंगल राउण्ड रोविनको आधारमा भएको प्रतियोगितामा शीर्ष दुईमा रहने टोली उपाधिका लागि भिड्ने छन् । शनिबार दर्शको सङ्ख्या उल्लेखनिय रहेको सचिव डिबी नेपालीले बताउनु भयो ।

# पिएम कप: लेखनाथ र अरण्यज्योति विजयी

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

प्रधानमन्त्री कप (पिएम कप) कास्की जिल्ला क्लबस्तरीय एक दिवसीय क्रिकेटमा शनिबार २ खेल सम्पन्न भएका छन् । पोखरा र लेखनाथस्थित क्रिकेट मैदानमा भएको खेलमा लेखनाथ र अरण्यज्योतिले आ-आफ्नो खेलमा जित हासिल गरेका छन् ।




कास्की जिल्ला क्रिकेट संघको आयोजनामा जारी प्रतियोगितामा लेखनाथले गण्डकी स्पोर्ट्र्स क्लबलाई ४८ रनले हराएको छ भने अरण्यज्योतिले एभरेष्टलाई १९३ रनले हराएको छ। लेखथनामा लेखनाथ क्रिकेट क्बलले गण्डकी स्पोर्ट्र्स क्लबलाई हराएको हो । १९१ रनको विजयी लक्ष्य पाएको गण्डकी ४१ ओभरमा १३७ रन बनाउँदै अलआउट हुन पुग्यो । गण्डकीका लागि सौरभ शर्माले अर्धतकीय पारी खेलेपनि जितका लागि पर्याप्त रहेन । उनले ५६ रन बनाए । यस्तै विवेक अधिकारीले १७ र सम्राट अधिकारीले १५ रन बनाए । लेखनाथका लागि सुवाष वास्तोला, सुशिल सुवेदी र साजन क्षेत्रीले समान २/२ विकेट लिए । त्यसअघि पोखरा क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको लेखनाथले ४२.५ ओभरमा अलआउट हुँदै १९० रन बनायो । लेखनाथका लागि राजकुमार छन्त्यालले अर्धशतकीय पारी खेले । उनले ६९ बलमा ५७ रन बनाए । देव यादवले २४ तथा सुवाष वास्तोलाले १८ रन बनाए। गण्डकीका लागि दीक्ष्यन अर्याल र अनिष पोखरेलले ३/३ विकेट लिए भने हिमाल आचार्यले २ विकेट लिए। खेलको प्लेयर अफ दि म्याच लेखनाथका राजकुमार छन्त्याल घोषित भए । यस्तै शनिबार नै भएको अर्को खेलमा अरण्यज्योति क्रिकेट क्बलले एभरेष्ट क्रिकेट क्लबलाई १९३ रनले हराएको छ । २५३ रनको विजयी लक्ष्य पाएको एभरेष्ट ३६ ओभरमा १५९ रनमा अलआउट हुन पुग्यो । एभरेष्टका लागि कमल थापाले ३७, समिर आलमले १९ र सचिन कडेलले १८ रन बनाए । अरण्यज्योतिका लागि आकाश वोगटीले ३ तथा अभिषेक भुजेल र सफल थापाले समान २/२ विकेट लिए । त्यस अघि टस हारेर ब्याटिङको निम्तो पाएको अरण्यज्योतिले ४७.४ ओभरमा ३५२ रन बनाउदै अलआउट हुन पुग्यो । अंकित गजुरेलले शतकीय पारी खेले । उनले ८३ बलमा ११० रन बनाए । विमोचन सापकोटाले ६५ तथा प्रदिप पौडेलले ४८ रन बनाए । एभरेष्टका लागि सिजन पौडेलले ४ विकेट लिए भने युवराज ठाकुरले ३ तथा शिवकुमार महतोले २ विकेट लिए ।

# स्याङजाको होराइजन क्लव २६ औं आदर्श कपको सेमिफाइनलमा प्रबेश

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

वालिङ–स्याङजाको होराइजन क्लब पोखरामा जारी २६ औ संस्करणको आदर्श कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रबेश गरेको छ ।




आदर्श युवा क्लवको आयोजनामा पोखरा २९ भण्डारढिक खेल मैदानमा जारी उक्त प्रतियोगिता अर्न्तगत शनिबार भएको क्वाटरफाइनल खेलमा होराइजन क्लवले आयोजक आर्दश युवा क्लव माथि १–० को गोल अन्तरले पराजित गरेको हो । होराइजनको जितमा विश्व थापाले निर्णायक गोल गर्नुभयो । खेलको ८१ औ मिनेटमा उहाँले गरेको हेड गोल नै निर्णायक बन्न पुग्यो । सन्दीप श्रेष्ठले प्रहार गरेको वल रिबाउण्ड भएसंगै उक्त वललाई थापाले हेड गोल गरेका हुन् । शनिवारको खेलमा होराइजनका विश्व थापा म्यान अफ द म्याच घोषित हुदै पाँचहजार पुरस्कार प्राप्त गर्नुभयो । फिफाको निमय अनुसार उक्त खेल खेलाइएको म्याच कमिस्नर गोपाल थापाले बताउनु भयो । माघ ९ गतेदेखि १६ गतेसम्म चल्ने प्रतियोगितामा ८ टिमको सहभागीता रहेको उक्त प्रतियोगितामा आइतवार पर्वतको गन्नीएफ सी र तनँहु जिल्ला फुटबल संघका टीमविच खेल हुने क्लवका अध्यक्ष पदम गुरुङले बताउनु भयो । शुक्रबार भएको उद्घाटन खेलमा नेपाल प्रहरी गण्डकी प्रदेशले कास्की ११ लाई पराजित गर्दै समुह एबाट सेमिफाइनलमा यात्रा बनाएको सचिव सन्तोष गुरुङले जनाउनु भयो ।

# देश र जनताको भलो नै मेरो मूल मार्गदर्शन – आचार्य

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

आशन्न मंसिर एक्काईस गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्बाचनमा ने क पा (एमाले) का युबा उम्मेदवार रश्मि आचार्यले देश र जनताको भलो नै आफ्नो मूल मार्गदर्शन भएको प्रतिबद्धता जनाएका छन ।



सनिवार सामाजिक संजाल फेस बूक मार्फत आचार्यले सो प्रतिबद्धता जनाएका हुन । उम्मेदवार आचार्यले कास्कीका जनतको मत खेर जान नदिने भन्दै शिर निहुर्याउनु पर्ने अवस्था आउन दिने छैन भनेका छ्न ।

ँउनले आफ्नी ९३ बर्षिय अग्रज हजुर आमा पूर्ण कुमारी आचार्य र बुवा आमा सहित सम्पूर्ण कास्की क्षेत्र न २ का मतदाताहरूको आशिर्वाद ग्रहण गरेर निर्बाचानको अभियानमा होमिएको भन्दै सार्थक बिकासका लागि साथ दिन आभ्हान गरेका छ्न । ९३ बर्षिय मेरो हजुरआमाले सधैं भन्नु हुन्थ्यो-“मेरो अब एउटै धोको बाँकी छ, तिमिलाई भोट दिने...“हजुरआमा, आमा र बुवाको आशिर्वाद लिएर मनोनयन दर्ता गरेको छु। कास्की क्षेत्र नं २ का सम्पूर्ण आमाबुवा दाजुभाई, दिदिबहिनिहरुको माया, ममता, आशिर्वाद र मतको अपेक्षा गरेको छु । प्रतिवद्ध ब्यक्त गर्दछुः, हजुरहरुले दिनुभएको मत खेर जान दिने छैन। मेरा कारण हजुरहरुले शिर निहुर्याउनु पर्ने अवस्था आउन दिने छैन । म सधैं यहाहरुको सुख-दुःखमा साथमा नै रहने छु । देश र जनताको भलो नै “मेरो मूल मार्गदर्शन” हुनेछ । आचार्यले उल्लेख गरेका छन ।

# साहित्यिक महोत्सव: बहुभाषिक सिर्जकहरू एकै मञ्चमा

पोखरापत्र संवाददाता
दमौली, १० माघ

व्यास नगर प्रज्ञा परिषद्को आयोजनामा शुक्रबारदेखि व्यास नगर साहित्यिक महोत्सव सुरु भएको छ ।

नगरभित्र रहेका विभिन्न भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यसहित आयोजना गरिएको महोत्सवले बहुभाषिक साहित्यिक सिर्जनालाई एउटै मञ्चमा जोड्न सफल भएको छ ।

महोत्सवको पहिलो दिन विभिन्न समुदाय र भाषाका स्रष्टाहरूले कविता, गीत तथा गजल वाचन गरेका छन् । आयोजकका अनुसार मगर भाषाका नौ, थकाली एक, कुमाल पाँच, दुरा छ, मुस्लिम पाँच, दरै आठ, गुरुङ छ, डोटेली एक, बोटे एक तथा संस्कृत भाषाका सात गरी जम्मा ४९ वटा साहित्यिक सिर्जना वाचन गरिएको हो ।

महोत्सवमा शनिबार खुला कविता र गजल वाचन हुने र त्यसका लागि ५० जनाले नाम दर्ता गराएको प्राज्ञ सदस्य अन्जना तिमिल्सिनाले जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागी स्रष्टाहरूले आफ्ना मातृभाषामा सिर्जना प्रस्तुत गर्दै पहिचान, संस्कृति, सामाजिक यथार्थ, प्रेम, पीडा, परिवर्तन र समसामयिक विषयवस्तुलाई समेटेका थिए । बहुभाषिक वाचनका कारण महोत्सवमा भाषिक विविधता मात्र होइन, सांस्कृतिक सौहार्द र आपसी सम्मानको सन्देश पनि प्रवाह भएको तिमिल्सिनाको भनाइ छ । व्यास नगर प्रज्ञा परिषद्ले नगर क्षेत्रमा रहेका लोपोन्मुख भाषा तथा संस्कृतिको संरक्षणका लागि महोत्सव आयोजना गरेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । साहित्यिक महोत्सवले व्यास नगरलाई साहित्यिक गतिविधिको केन्द्रका रूपमा विकास गर्न सहयोग पुग्ने उहाँको भनाइ छ ।

सार्वजनिक सेवा लिादा ध्यान दिऔं ।

◆आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
◆आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
◆नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
◆आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
◆सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
◆सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
◆ जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
◆सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
◆अनियमितता र भ्रष्ट्राचारबिरूद्ध उजुरी गरौं,
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

यही २०८२ माघ ११ गते, ७३ औं विश्व कुष्ठरोग दिवस भव्यताका साथ सफल पारौं ।

कुष्ठरोग उपचारले निको हुने रोग हो ।

कुष्ठरोग के हो त ?
- कुष्ठरोग किटाणुबाट हुने रोग हो, उपचार गरे सन्चो हुन्छ ।
- यसले छाला, नसा, आँखा र नाकलाई असर गर्दछ ।
- यो कुनै श्राप वा पूर्वजन्मको पापको कारणले लाग्ने रोग होइन ।
- यो सजिलै सर्ने रोग हैन, उपचार गरौं र यसबाट नडराऔं ।

कुष्ठरोगसँग नडराऔं।

लक्षणहरू
- छालामा हल्का रातो, फुस्रो र नचिलाउने दागहरु हुनु,
- हात खुट्टा झम्झमाउने वा छुँदा थाहा नहुनु
- हात खुट्टामा कमजोरी हुनु र हात र खुट्टाको सुख्खा हुनु

‘कुष्ठरोगको छ ओखती, सामाजिक लान्छना र विभेद मुख्य चुनौती’

उपचार
- यसको औषधी नेपाल सरकारका स्वास्थ्य संस्थाहरुमा नि:शुल्क उपलब्ध हुन्छ ।

INTERNATIONAL NEPAL FELLOWSHIP
gp HOSPITAL
NELRA, Pokhara
सम्बोधन (SAMBODHAN)
FAIR MED

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

